**शान्ति तथा सौहार्दपूर्ण समाजका लागि**

**सामुदायिक मेलमिलाप क्षमता सुदृढिकरण परियोजना (कोमक्याप)**

## १ पृष्ठभूमि

वि.स २०६४ को ऐतिहासिक संविधान सभाको निर्वाचन पछि नेपाल सरकारले शान्ति निर्माणका साथै राज्य संरचनाको लागि गरिरहेको विभिन्न प्रयासहरुको वावजुद विकास कार्यक्रममा सार्वजनिक स्रोत साधन, संस्थासंचालन,पारिवारिक व्यवहार, महिला हिंसा, समुदाय बिच विवाद,सानातीना झै झगडाका साथै द्वन्द्वकालिन अवस्थामा समाधान हुन नसकेका विभिन्न चुनौतिहरुको सामाना गरिरहनु परेको छ ।

यस अवस्थामा नेपाल सरकार स्थानीय विकास मन्त्रालयको अनुरोधमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोगले सिन्धुली तथा महोत्तरी दुई जिल्लाका जिल्ला विकास समितिहरुको मातहतमा “शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना” (कोमक्याप) शुरु गरेको छ ।





## २ उद्देश्य:

यस परियोजनाको मुख्य उद्देश्य सिन्धुली रोड आसपासका क्षेत्रमा शान्ति तथा सौहार्दपूर्ण समाजको निर्माण गर्नु हो । यसउद्देश्य प्राप्तिका लागि परियोजनाले लक्षित जिल्लाहरुको छनौट भएका गा.वि.सहरुमा विवाद समाधानका लागि क्षमता अभिवृद्धि र सयन्त्रहरुको विकास गर्न निर्दिष्ट उद्देश्य राखेको छ ।

सिन्धुली रोड आसपासका क्षेत्रमा शान्ति तथा सौहार्दपूर्ण समाजको निर्माण हुन्छ

↑

.सिन्धुली तथा महोत्तरी जिल्लामा विवाद व्यवस्थापनको क्षमता तथा संयन्त्रको विकास हुनेछ ।

## ३ क्षमता विकास:

यस परियोजनाले समाजका तीन तहमा क्षमता विकास पद्धतिको विकास गर्नेछ जसको विस्तार व्यक्तिगत देखि समाजिक तहसम्म हुनेछ । यस पद्धतिमा प्रत्येक तहमा भएको क्षमता विकासले माथिल्लो तह सम्ममा परिवर्तन ल्याउने अपेक्षा राखेकोछ ।






## ४ परियोजनाको मुख्य गतिविधि :

परियोजनाको उद्देश्य प्राप्तिका लागि मुख्य रुपमा निम्न गतिविधिहरु संचालन गरिनेछन् :

### १ सामुदायिक मेलमिलाप सम्बन्धी तालिम सामाग्री तयारी तथा तालिम संचालन गर्ने

- तालिम म्यान्युयल,सहभागी पुस्तिका तयार गर्ने ।
- प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गर्ने ।
- मेलमिलापकर्तालाई आधारभूत, उच्च तथा पुन ताजगी तालिम प्रदान गर्ने

### २ सामुदायिक मेलमिलाप सम्बधि क्रियाकलाप संचालन गर्ने

- छनौट भएका नमुना गा.वि.सहरुमा मेलमिलाप केन्द्र स्थापना गर्ने ।
- सामुदायिक मेलमिलाप सम्बन्धि सेवा/ कार्यक्रम संचालन गर्ने ।
- मेलमिलाप कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

### ३ सामुदायिक मेलमिलाप सम्बन्धी अनुभवहरु आदान प्रदान गर्ने

- केन्द्रियस्तर /जिल्लास्तरमा कार्यशाला गोष्ठिहरु संचालन गर्ने
- जिल्लास्तर/ गा.वि.स स्तरमा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने
- अवलोकन भ्रमणहरु गर्ने
- कार्यक्रमको प्रचार प्रसारगर्ने



## सम्पर्क ठेगाना :


**काठमाडौ :**

कर्मचारी संचयकोष भवन
हरिहर भवन ललितपुर
मार्फत/ जाईका नेपालको कार्यालय
पोष्ट बक्स नं ४५०, काठमाण्डौं , नेपाल
फोन फ्याक्स : ९७७-१-५०१०१५७

**महोत्तरी :**

जिल्ला विकास समितीमहोत्तरी
फोन : ०४४-५२०५३२

**सिन्धुली :**

जिल्ला विकास समिती सिन्धुली
फोन : ०४७ -५२१०४३


नेपाल सरकार
स्थानिय विकास मन्त्रालय
जापान अन्तर्राष्ट्रिय सहयोग नियोग(JICA)

# शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढिकरण परियोजना (कोमक्याप)

COMCAP

नेपाल सरकार स्थानीय विकास मन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा सिन्धुली तथा महोत्तरी जिल्लामा सन् २०१० जनवरी देखि सन् २०१३ को सेप्टेम्बर सम्मका लागि "शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना" (कोमक्याप) शुरु गरेको छ ।

